नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
मानवश्रोत व्यवस्थापन विभाग

# करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

मिति: २०७५/०१/२७

यस बैंकको देहायका विभिन्न शाखा/कार्यालयमा रिक्त रहेका निम्न पदहरुमा खुला प्रतियोगिताद्धारा करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७५/०१/२७ देखि दरखास्त आव्हान गरिएको छ । दरखास्त फारमका साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी, हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो र तोकिएको शुल्क तिरी मिति २०७५/०२/१६ गते सम्म दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम पेश गरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| रिक्त रहेको शाखा/कार्यालय | विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त पेश गर्नुपर्ने शाखा/कार्यालय (दरखास्त संकलन केन्द्र) |
|---|---|---|---|---|---|
| पालिनन्दन शाखा, नवलपरासी | २०७४/७५/१०९ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, खस्यौली शाखा |
| जगदुल्ला शाखा, डोल्पा | २०७४/७५/११० | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, डोल्पा शाखा |
| काईके शाखा, डोल्पा | २०७४/७५/१११ | सहायक | ४ | २ | |
| बागचौर शाखा, सल्यान | २०७४/७५/११२ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, सल्यान शाखा |
| सिरिजंघा, ताप्लेजुङ्ग | २०७४/७५/११३ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, ताप्लेजुङ्ग शाखा |
| राजदेवी शाखा, रौतहट | २०७४/७५/११४ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, गौर शाखा |
| पर्सा शाखा, सर्लाही | २०७४/७५/११५ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, मलंगवा शाखा |
| बसबरिया शाखा, सर्लाही | २०७४/७५/११६ | सहायक | ४ | २ | |
| नार्फु शाखा, मनाङ्ग | २०७४/७५/११७ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, चामे मनाङ्ग शाखा |
| लुंग्री शाखा, रोल्पा | २०७४/७५/११८ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, रोल्पा शाखा |
| त्रिबेणी शाखा, बाजुरा | २०७४/७५/११९ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, डडेल्धुरा शाखा |
| काकडभित्ता (काउण्टर), झापा | २०७४/७५/१२० | सहायक | ४ | ३ | नेपाल बैंक लिमिटेड, काकडभित्ता शाखा |
| कृष्णनगर(काउण्टर), कपिलवस्तु | २०७४/७५/१२१ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, कृष्णनगर शाखा |

(१) न्यूनतम शैक्षिक योग्यता : मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण ।

(२) सेवाको किसिम : करार (२ बर्ष)

(३) तलव तथा अन्य सुविधा: करार संझौतामा उल्लेख गरिनेछ ।

(४) उम्मेदवारको उमेर: दरखास्त दिने अन्तिम मिति (अर्थात २०७५/०२/१६ गते) सम्ममा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको ।

(५) उम्मेदवारको छनौट विधि: लिखित परीक्षा तथा अन्तरवार्ता ।

(६) परीक्षा कार्यक्रम/परीक्षा केन्द्र : उपरोक्त पदहरुको लिखित परीक्षा सम्वन्धित दरखास्त संकलन केन्द्र वा अन्यत्र समेत गर्न सकिनेछ र परीक्षाको मिति एवं केन्द्र सम्बन्धी सूचना मिति २०७५/०२/१७ गते प्रकाशित गरिनेछ ।

(७) परीक्षा शुल्क : रु. ६००।- (छ सय) ।
रीत नपुगी अस्वीकृत भएका आवेदनहरुको शुल्क फिर्ता हुने छैन ।

(८) परीक्षा शुल्क बुझाउने विधि : तोकिए बमोजिमको परीक्षा शुल्क नेपाल बैंक लिमिटेडको परीक्षा हिसाव नं. ००२००१००५२२५५९००००००१ मा जम्मा गर्नुपर्नेछ र सो को सक्कल भौचर दरखास्तका साथ पेश गर्नुपर्नेछ ।

(९) दरखास्त फारम तथा लिखित परीक्षाको पाठ्यक्रम यस बैंकको Website: www.nbl.com.np मा हेर्न र Download गर्न सकिनेछ ।

**पुनश्च :**

छनौट भई करार सेवामा नियुक्त हुने कर्मचारीहरुलाई दरखास्त माग गरिएका उपरोक्त शाखा/कार्यालयमा मात्र खटाइने भएकाले उक्त शाखा/कार्यालयमा काम गर्न इच्छुक उम्मेदवारहरुले दरखास्त फारममा जुन शाखाका लागि आवेदन दिएको हो सो शाखाको नाम र विज्ञापन नम्वर अनिवार्य रुपमा उल्लेख गरी तोकिएका दरखास्त संकलन केन्द्रहरुमा पेश गर्नुपर्नेछ । उपरोक्त बमोजिम तोकिएका संकलन केन्द्र बाहेक अन्यत्र दरखास्त फारम संकलन नगरिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।